नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

फोन नं. ४५३४११९, ४५११५३७, ४५१९५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१/८२(अनुमतिपत्र महाशाखा)
च. नं. :- २५२५

मितिः २०८२/०३/२५

विषयः विद्युत उत्पादनको अनुमतिपत्रको सैद्धान्तिक सहमति सम्बन्धमा।

श्री गोरक्ष हाइड्रोपावर प्रा.लि.।
का.म.न.पा.-११,काठमाडौं।
फोन.न. ०१-४२२२९३४,९८५१०२१९२०।

प्रस्तुत विषयमा तहाँबाट प्रवर्द्धित सुपर आँखु खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको सैद्धान्तिक सहमति सम्बन्धमा पेश भएको दरखास्त माथि कारवाही हुँदा तहाँलाई निम्न बमोजिमको नपुग विवरण/प्रतिवेदनहरू पेश गर्नुहुन एवम् आयोजनाको संशोधन विषयमा प्रवर्द्धक तथा परामर्शदाताको उपस्थितिमा विभाग समक्ष १५(पन्ध्र) दिनभित्र प्राविधिक प्रस्तुतीकरण गर्नुहुन र कम्पनी प्रा.लि.बाट लिमिटेडमा परिवर्तन भएको विषयमा विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०७५/७६, वि.उ.२३९) को शर्त ७(ध) पालना नभएकोले सो विषयमा ७ (सात) दिनभित्र स्पष्टीकरण पेश गर्नुहुन विभागको मिति २०८२/०३/२४ को निर्णयानुसार अनुरोध गरिन्छ।

१. अनुमतिपत्रको सैद्धान्तिक सहमति सम्बन्धमा संचालक समितिको निर्णय।
२. आयोजनाको लेआवट परिवर्तन गर्नु पर्नाको कारण समेटिएको प्रतिवेदन।
३. आयोजनाको तुलनात्मक लेआवट।

(वीरेन्द्र पंडित)
इन्जिनियर